# शोध निर्देशकको मन्तव्य

"नेपाली लहरी साहित्यको परिचय र विश्लेषणात्मक मूल्याङ्कन" नामक नेपाली विषयको यो विद्यावारिधि (पी.एच.डी.) शोध-प्रबन्ध श्री भीमकान्त उपाध्यायले मेरो निर्देशनमा शोधसम्बन्धी नियम र अनुसन्धानतर्फ विशेष सचेत रही तयार पार्नुभएको हो ।

यहाँ नेपाली लहरी साहित्यको तात्पर्य नेपाली कविता विधामा "लहरी" उपाधियुक्त लहरीकाव्यमा नै सीमित रही विशेष वि.सं. १९०० देखि वि.सं. १९८० सम्मका नेपाली कविता परम्पराका सापेक्षतामा रचित र प्रकाशित लहरी-काव्यको अध्ययनतर्फ शोध-कार्य निर्दिष्ट छ । यस विश्लेषणका क्रममा यस सम्बन्धमा लेखिएका पूर्वकार्यहरूको समीक्षा र विवेचना गर्दै कविताका सैद्धान्तिक दृष्टिमा लहरीकाव्यको स्थिति, नेपाली कविता-यात्रामा लहरी काव्यका उत्प्रेरक कारकहरू ठम्याई त्यसको विवेचनात्मक व्याख्या गरिएको छ, कविता विधा अन्तर्गत काव्यको आयाम र स्वरूप पहिल्याइएको छ, लहरीकाव्यको प्रादुर्भाव र विकासको इतिवृत्तको सर्वेक्षण गर्दै लहरीकाव्यका रचयिता र रचना एवं प्रकाशन-काल सम्बन्धी क्रमिक विकासलाई सूचीबद्ध पार्दै प्रत्येक लहरीकाव्यको कृतिगत स्वरूप र प्रवृत्तिका साथै मूल्य स्तर पनि विवेचना गरिएको छ, लहरीकाव्यले नेपाली कविताका विभिन्न कालगत धारा उपधारामा (खास गरी वि.सं. १९२४ देखि १९९० सम्म) दिएको योगदान र मूल्यको विवेचना समेत गर्दै यस शोध-प्रबन्धले निष्कर्षका रूपमा लहरीकाव्यको उठान वा थालनी काल (१९००-१९३४) अभिवृद्धि वा विकासको मध्यावस्था (१९३५-१९५२), चरम विस्तार काल (१९५३-१९७४), प्रतिमोड र विश्रान्तितर्फ उन्मुख अवस्था (१९७५-१९८०) र शिथिल अवस्था काल १९८० पछि यताको प्रवृत्तिगत वैशिष्ट्यको विवेचना समेत गरेको छ । यस क्रममा लहरीकाव्य वा लहरी साहित्य सम्बन्धी पूर्व स्थापित निर्धारणका सत्योद्घाटन

गर्दै यसको परिमार्जित स्वरूपको उद्घाटन गर्ने सत्प्रयास भएको छ । निष्कर्षमा सम्पूर्ण शोध कार्यको आधारभूत प्राप्ति र स्थापनाहरूलाई बुँदागत रूपमा देखाइएको छ । यसरी यो शोध प्रबन्ध आठ परिच्छेदमा विभाजित पारी समीक्षात्मक विवेचना गर्दै परिणाम पनि निकालिएको छ ।

चौथो परिच्छेदमा लहरीशब्दको स्रोत, अर्थ एवं प्रयोगको विवेचना गर्दा लोकगीत र लोक गाथाको परिचय अनिवार्य हुन आएकोले लोकगीत र लोकगाथा सन्दर्भमा लहरीकाव्यको सम्बन्ध प्रगाढ रूपले देखिन आउँदा लोक छन्द र लहरीकाव्यको स्वरूप निर्धारणमा यो परिच्छेद केही विस्तृत हुन गएको जस्तो देखिए तापनि यसले शोध प्रक्रियाको सत्य उद्घाटनमा कुनै बाधा नपारी एक सहायक नै बन्न गएको छ । त्यस्तै तेस्रो परिच्छेदमा पनि नेपाली कविताको विकास-परम्पराको चर्चा गर्दा नेपाली लहरी कृतिहरूको सर्वेक्षण सन्दर्भमा सम्बन्धित लहरीकारहरूको जीवनीपरक परिचय प्रस्तुत गर्न आवश्यक देखिँदा यो परिच्छेद केही विस्तृत हुन गएता पनि यसले शोध कार्यको उद्देश्यमा कुनै बाधा नपुर्‍याई स्पष्टीकरणमा एक सहायक नै बन्न गएको म ठान्दछु ।

प्रस्तुत शोध-प्रबन्धले कतिपय नवीन तथ्यहरू खोजी गरेर प्रमाणयुक्त तथ्याङ्कन र तथ्यगत अन्तर्सम्बन्धहरूको प्रामाणिक विश्लेषण साथै लहरीकाव्यका विकास प्रक्रियाको विस्तृत कालक्रमिक विवेचनात्मक व्याख्या गर्दै मुख्य लहरी कृतिहरूको आयाम एवं संरचना, विषयवस्तु, भाव विधान, छन्द-लय-विधान, भाषा-शैली, बिम्बालङ्कार तथा कवित्वको स्तरका आधारमा अन्तरङ्ग विश्लेषण र मूल्याङ्कन समेत प्रस्तुत गरेको छ – साथै भाव वा विषय-वस्तु छन्द-लय आयाम एवं कवित्व स्तरका आधारमा लहरीकाव्यहरूको वर्गीकरण, लहरीकाव्य-यात्राको चरण विभाजन साथै प्रत्येक चरणका मुख्य मुख्य प्रवृत्तिहरूको चर्चा गर्दै लहरीकाव्य परम्परामा आएका शिथिलताका प्रमुख कारणहरूको पनि विवेचना गरेको छ । यसबाट लहरी साहित्य वा लहरीकाव्य सम्बन्धी उल्लेखनीय नवीन आयाम थपिन

आएको छ । यस शोध प्रबन्धबाट नेपाली साहित्यको शोध परम्परामा गवेषणा-मूलक प्रामाणिक, तार्किक प्रक्रियाको आधारमा सत्यको अन्वेषण र उद्घाटन हुन गई नवीन प्राज्ञिक ज्ञानको क्षेत्र विस्तारमा थप उल्लेखनीय योगदान समेत प्राप्त भएको म ठान्छु ।

अन्त्यमा, म यस विद्यावारिधि (पी.एच.डी.) शोध-प्रबन्धलाई उत्तर बङ्गाल विश्वविद्यालयमा समुचित मूल्याङ्कनको निम्ति सिफारिस गर्दछु ।

मिति:- ११-४-१९९२

(डा. तुलसीबहादुर छेत्री)